# सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको

## दशौं वार्षिक साधारण सभाको काम कार्यवाहीको विवरण (माइन्यूट)

**१. वैद्यानिक सभा :**

सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको मिति २०८१/०८/०६ गते बसेको सञ्चालक समितिको २३४ को **निर्णय नं. १ र ३ को** निर्णय बमोजिम कम्पनी ऐन २०६३, दफा ६७ (१) को (क) र संस्थाको नियमावलीको नियम १८ (१) को (क) बमोजिम बोलाइएको दशौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री महेश कुमार पोखरेलज्यूको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा बसी तपशिलका विषयहरु उपर छलफल तथा निर्णयहरु भयो ।

**२. साधारण सभा बसेको मिति, स्थान र समय :**

सभा हुने मिति : २०८१/०९/०६ गते शनिबार (तदअनुसार २१ डिसेम्बर, २०२४)।
सभा हुने स्थान : दुर्गा पार्टी प्यालेस, इटहरी-४, सुनसरी ।
सभा हुने समय : बिहान ११ : ०० बजे।

**३. सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा वित्तीय संस्थाको नियमावलीको नियम १८(३) अनुसार दशौं वार्षिक साधारण सभाको सूचना तथा आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन एंव वित्तीय विवरणहरु समेत शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०८१ मंसिर ७ गते प्रथम पटक र मिति २०८१ मंसिर १२ गते दोश्रो पटक उद्घोष राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने मिति स्थान, समय र छलफल हुने विषयको सूचना पनि शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

**४. छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्न प्रस्ताव पेश गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन, २०८१ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिर्वतन सम्बन्धी विवरण र सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्न प्रस्ताव पेश गर्ने ।

(३) आ.व. २०८१/०८२ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक निर्धारण गर्न प्रस्ताव पेश गर्ने ।

(४) आ.व. २०८०/०८१ को मुनाफाबाट ०.७२५ प्रतिशत नगद लाभाशं (बोनस शेयरको कर प्रयोजनार्थ) रु.७,८०,२३७।३२ (अक्षरेपी सात लाख असी हजार दुई सय सैतिस रुपैयाँ बत्तिस पैसा मात्र) वितरण गर्न प्रस्ताव पेश गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) आ.व. २०८०/०८१ तथा सो अघिका सञ्चित मुनाफाबाट चुक्ता पुँजी रु.१०,७६,१८,९४०।०० को १३.७७५ प्रतिशतले हुने रकम रु. १,४८,२४,५०८।९९ (अक्षरेपी एक करोड अठचालिस लाख चौबिस हजार पाँच सय आठ रुपैया उनान्सय पैसा मात्र) बोनस शेयर वितरण गर्न प्रस्ताव पेश गर्ने ।

(२) वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६(ख) मा हाल कायम रहेको जारी शेयर पुँजी र ६(ग) मा हाल कायम रहेको चुक्ता शेयर पुँजी रु. १०,७६,१८,९४०।०० (अक्षरेपी दश करोड छयहत्तर लाख अठार हजार नौ सय चालिस मात्र) मा आ.व. २०८०/०८१ को प्रस्तावित बोनश शेयर लाभांश जारी गरे पश्चात यस वित्तीय संस्थाको कूल जारी तथा चुक्ता पुँजी वृद्धी गरी रु. १२,२४,४३,४४८।९९ (अक्षरेपी बाह्र करोड चौबिस लाख त्रिचालिस हजार चार सय अठचालिस रुपैया उनान्सय पैसा मात्र) पुऱ्याउन प्रस्ताव पेश गर्ने ।

कम्पनि सचिव

सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड केन्द्रीय कार्यालय इटहरी सुनसरी

अध्यक्ष

(३) यस लघुवित्त वित्तीय संस्था तथा अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने/प्राप्ति भई जाने सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न प्रस्ताव पेश गर्ने ।

(४) माथि उल्लेखित विशेष प्रस्तावहरु पारित भए पश्चात यस वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्न तथा सोही सम्बन्धमा नियमनकारी निकायहरुबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पेश गर्ने ।

**(ग) विविध :**

**५. उपस्थिति :**

**५.१ उपस्थित सञ्चालकहरु : (कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम)**

| | |
|---|---|
| १. श्री महेश कुमार पोखरेल | अध्यक्ष |
| २. श्री पुनितकुमार सारडा | सञ्चालक |
| ३. श्री सुमित अधिकारी | सञ्चालक |
| ४. श्री होम शंकर दाहाल | सञ्चालक |
| ५. श्री तारादेवी भट्टराई | सर्वसाधारण सञ्चालक |
| ६. श्री दिव्य प्रसाद कोइराला | सर्वसाधारण सञ्चालक |
| ७. श्री गोविन्द लाल कर्ण | स्वतन्त्र सञ्चालक |

**५.२ उपस्थित अतिथिज्यूहरु :**

१. अतिथि : श्री अशोक कुमार प्रधान, संस्थापक अध्यक्ष तथा संस्थापक शेयरधनी ।

२. अतिथि : श्री प्रदीप अधिकारी, पूर्व अध्यक्ष तथा संस्थापक शेयरधनी ।

३. अतिथि : एफ.सि.ए. अश्विनी वंशल, नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था, विराटनगर शाखाका संयोजक ।

४. अतिथि : श्री राजेन्द्र प्रसाद भट्टराई, बरिष्ठ अधिवक्ता तथा संस्थापक शेयरधनी ।

**५.३ अन्य पदाधिकारीको उपस्थिति :**

| | |
|---|---|
| १. श्री महेश कुमार चौधरी | : प्रमुख कार्यकारी अधिकृत |
| २. श्री विष्णु कान्त चौधरी | : नायव कार्यकारी अधिकृत तथा कम्पनी सचिव |
| ३. श्री डिल्लीराम पोखरेल | : बरिष्ठ अधिकृत, प्रमुख-आन्तरिक लेखापरिक्षण विभाग |
| ४. श्री संजय कुमार चौधरी | : बरिष्ठ अधिकृत, प्रमुख-कर्जा तथा जोखिम व्यवस्थापन विभाग |
| ५. श्री राजेन्द्र पहाडी | : अधिकृत, प्रमुख-लेखा तथा सूचना प्रविधी विभाग |
| ६. श्री सोकेन्द्र कुमार राय | : अधिकृत, आन्तरिक लेखापरिक्षण विभाग |
| ७. श्री ललिता चौधरी | : कनिष्ठ अधिकृत, कर्जा तथा जोखिम व्यवस्थापन विभाग |

साथै केन्द्रीय कार्यालयका अन्य सम्पूर्ण कर्मचारीहरु र शाखा कार्यालयका शाखा प्रमुख तथा फिल्ड सहायक कर्मचारीहरुको समेत सहभागिता रहेको थियो ।

**५.४ शेयरधनीहरुको उपस्थिति** : **(सम्लग्न सूची अनुसार)**

जम्मा उपस्थिति संख्या : ५९ (स्वयम ३९ जना, प्रोक्सी मार्फत २० जना)

कम्पनि सचिव



अध्यक्ष

## ६. सभाको वैधानिकता र गणपूरक संख्या :

६.१ कम्पनी ऐन, २०६३ (संशोधन सहित २०७३) तथा वित्तीय संस्थाको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३(२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुनेगरी कुल शेयरधनीहरु मध्ये कम्तिमा तीन जना शेयरधनीहरु उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम संस्थाको दशौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिर जनाउने शेयरधनी ५९ (स्वयम ३९ जना, प्रोक्सी मार्फत २० जना) जना भएको र कुल शेयरको ६०.४७ % (प्रतिशत) प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको घोषणा गरी प्रचलित कम्पनी ऐन अनुसार सभा वैद्यानिक भएको जानकारी गराउनु भयो ।

६.२ साधारणसभामा तपशिल बमोजिमको शेयरधनीहरुको उपस्थिती रहको थियो : कम्पनी ऐन, २०६३ (संशोधन सहित २०७३) को दफा ७३(२) तथा संस्थाको नियमावलीको नियम २३ अनुरुप)

| कुल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | स्वयं उपस्थित शेयर संख्या (क) | प्रतिनिधिद्धारा उपस्थित शेयर संख्या (ख) | जम्मा (क+ख) | उपस्थित शेयर संख्या प्रतिशत |
|---|---|---|---|---|---|---|
| १०,७६,१८९।४० | ७,५३,३३२।५८ | ३,२२,८५६।८२ | ४,७५,८५१ | १,७४,९०३ | ६,५०,७५४ | ६०.४७ |

## ७. सभाको कार्यक्रम प्रारम्भ : अध्यक्षता, आसन ग्रहण, स्वागत तथा समुद्घाटन :

७.१ वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्नुपर्ने भएको हुँदा, कम्पनी सचिवले सो कुराको जानकारी गराउँदै वित्तीय संस्थाको दशौं वार्षिक साधारण सभाको उद्घाटन सत्रको सभापतित्वको आसन ग्रहण अध्यक्ष श्री महेश कुमार पोखरेलज्यूले गर्नुभयो ।

७.२ सभामा सञ्चालकहरु श्री पुनित कुमार सारडा, श्री सुमित अधिकारी, श्री होम शंकर दाहाल, श्री तारा देवी भट्टराई, श्री दिव्य प्रसाद कोइराला र श्री गोविन्द लाल कर्ण तथा अतिथिका रुपमा संस्थापक अध्यक्ष तथा संस्थापक शेयरधनी श्री अशोक कुमार प्रधान, पूर्व अध्यक्ष तथा संस्थापक शेयरधनी श्री प्रदीप अधिकारी, नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था, विराटनगर शाखाका संयोजक एफ.सि.ए. श्री अश्विनी वंशल, बरिष्ठ अधिवत्ता तथा संस्थापक शेयरधनी श्री राजेन्द्र प्रसाद भट्टराईलाई मञ्चमा आसन ग्रहण गराई कार्यकम अगाडि बढाईएको थियो ।

७.३ कार्यकममा अध्यक्ष, सञ्चालक तथा अतिथिज्यूहरुलाई खादा, माला ओढाएर सम्मान गर्दै, राष्ट्रिय गान बजाएर शुरु गरिएको थियो, यस कार्यका लागि उद्घोषकले कर्मचारीहरु सजुमा खनाल, सुस्मिता गौतम, ललिता चौधरी, कृष्ण कला पौडेल र विनोद कुमार मेहताको सहयोग लिनु भएको थियो ।

७.४ संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री महेश कुमार चौधरीले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई सभाको कार्यक्रममा स्वागत गर्दै आफ्नो मन्तव्य दिनुभएको थियो ।

७.५ सभामा संस्थाका अध्यक्ष तथा कार्यकमका सभापति श्री महेश कुमार पोखरेलज्यूले पानसमा दीप प्रज्वलन गरी साधारणसभाको समुद्घाटन गरी दिनुहुन कम्पनी सचिवले आग्रह गरी सोही अनुसार अध्यक्षज्यूले दीप प्रज्वलन गरी साधारणसभाको समुद्घाटन गर्नुभयो ।

७.६ सञ्चालक श्री तारादेवी भट्टराईले सभामा कार्यक्रम सफलताको शुभकामना मन्तव्य दिनुभयो ।

शेयरधनी महानुभावहरुलाई स्वागत तथा शुभकामना मन्तव्य कार्यक्रम पछि कम्पनी सचिवले सभाको कार्यक्रम अघि बढाउनु भयो ।

कम्पनि सचिव



अध्यक्ष

८. आ.व. २०८०/०८१ को दशौं वार्षिक प्रतिवेदनको प्रस्तुति :

८.१ सभाको प्रारम्भको क्रममा पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व. २०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन तथा चालु आ.व. २०८०/०८१ को संक्षिप्त प्रगति विवरण अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नुभयो ।

८.२ सञ्चालक समितिका तर्फबाट तयार गरिएको प्रतिवेदन अध्यक्षज्यूले प्रस्तुत गर्नु भए पश्चात कम्पनी सचिवले साधारण सभा समक्ष छलफल तथा पारितका लागि प्रस्ताव (एजेण्डा) प्रस्तुत गर्नु भयो ।

९. छलफलका लागि आव्हान र छलफलमा सहभागी शेयरधनी महानुभावहरु :

९.१ वित्तीय संस्थाको आ.व. २०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन, २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आ.व. २०८०/०८१ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका प्रस्तावहरु उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नुभयो । देहायका शेयरधनी महानुभावहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुँदै देहाय बमोजिमको प्रश्न तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९.२ छलफलमा सहभागी शेयरधनी महानुभावहरुको नाम :

१. श्री कमल प्रसाद तिम्सीना २. श्री कुमुद चन्द्र उपाध्याय ३. श्री राम प्रसाद मिश्र

१०. छलफलमा सहभागी संस्थापक तथा सर्वसाधारण शेयरधनीहरुले व्यक्त गर्नु भएका सुझाव तथा जिज्ञासाहरुको सारांशः :

- शेयरधनी श्री कमल प्रसाद तिम्सीनाले विगतमा संस्थाको रकम हिनामिना गर्ने कर्मचारीको विरुद्धमा संस्थाले मुद्दा दर्ता गरी जिल्ला तथा उच्च अदालतबाट संस्थाले मुद्दा जिति सकेको अवस्थामा असुलीका लागि के कस्ता प्रयत्न भएका छन् सो सम्बन्धमा जिज्ञासा राख्नुभएको थियो ।
- शेयरधनी श्री कुमुद चन्द्र उपाध्यायले लघुवित्त क्षेत्रमा देखिएको नकरात्मक प्रचारले लघुवित्तलाई मात्र नभई बैंकिङ्ग क्षेत्रकै आदेशको श्रृङ्खला विगार्ने कार्य गरिरहेकोमा चिन्ता व्यक्त गर्दै गरिवको भावना बुझेर संस्थागत हितलाई समेत ध्यानमा राख्दै वित्तीय विवरणहरु स्वस्थ्य राख्दै कार्य गर्न व्यवस्थापनलाई सुझाव दिनुभयो र हाल सम्मको संस्थाको उन्नति प्रगतिमा खुसी व्यक्त गर्नुभयो
- शेयरधनी श्री राम प्रसाद मिश्रले हाल बजारमा फैलिरहेको नकरात्मक हल्लाका कारण कर्जाको जोखिम बढिरहेको र अर्को तर्फ फण्डको लागत कम भई रहेको अवस्थामा गुणस्तर कायम राख्दै व्यवसाय बढाउनुपर्ने सम्बन्धमा जिज्ञासा राख्नु भएको थियो ।

११. शेयरधनी महानुभावहरुले सभामा व्यक्त गर्नुभएको जिज्ञासा तथा सुझाव प्रति आभार प्रकट गर्दै अध्यक्षज्युले सभामा उठेका जिज्ञासा तथा प्रश्नहरुको सामुहिक रुपमा उत्तर दिनुभयो ।

शेयरधनीहरुको जिज्ञासामा नीतिगत कुराहरु, लघुवित्त वित्तीय संस्थाहरुका विरुद्धमा भई रहेका नकरात्मक प्रचार प्रसार र यसले वित्तीय संस्थाको कार्यक्रममा पारेको असर सम्बन्धमा अध्यक्षज्यू र सञ्चालकहरुले जवाफ दिनुभयो र व्यवस्थापनसँग सम्बन्धित जिज्ञासा तथा प्रश्नहरुको जवाफ प्रमुख कार्यकारी अधिकृत र नायव कार्यकारी प्रमुखले दिनु भएको थियो ।

साधारण सभाको मार्गदर्शन, नियामक निकायबाट प्राप्त निर्देशन, बाह्य तथा आन्तरिक लेखापरिक्षकको सुझाव, कैफियतहरुको सुधार तथा निराकरण गरी संस्थाको दिगो विकास गर्दै सेवाग्राहीलाई सरल, सुलभ गुणस्तरीय सेवा प्रदान गर्दै लगानी कर्तालाई यथाशिघ्र लगानीको प्रतिफल प्रदान गर्न सदा सर्वदा दत्तचित्त रहेको र रहने प्रतिबद्धता व्यक्त गर्दै सभामा शेयरधनीहरुको सक्रिय सहभागिताका लगि अध्यक्षज्युले आभार व्यक्त गर्नुभयो ।

कम्पनि सचिव

अध्यक्ष

१२.सभाको निर्णय :

(क) सामान्य प्रस्तावहरु :

**(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्न प्रस्ताव पेश गर्ने ।**

- सभामा प्रस्तुत आ.व. २०८०/०८१ को सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको प्रतिवेदन सभाले छलफल सहित सर्वसम्मतीबाट पारित गऱ्यो ।

**(२) लेखापरीक्षकको प्रतिवेदन, २०८१ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्न प्रस्ताव पेश गर्ने ।**

- लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/०८१ को वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन लगायतका वित्तीय विवरणहरु पारित गरियोस भनी सभा समक्ष वित्तीय विवरणहरु पेश गरिएकोमा, सभाले प्रस्तुत वित्तीय विवरणहरु सभाले सर्वसम्मतीले पारित गऱ्यो ।

**(३) आ.व. २०८१/०८२ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक निर्धारण गर्न प्रस्ताव पेश गर्ने ।**

- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ (संशोधन सहित) को दफा १११ अनुसार आ.व. २०८१/०८२ को लागि लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरियोस भनी लेखा परिक्षण समिति तथा सञ्चालक समितिबाट सिफारीस भई आए बमोजिम, प्राप्त दरभाउ पत्र अनुसार सबैभन्दा कम दरभाउ पेश गर्ने **Y. Upreti Associates, Chartered Accountants** को मुल्य अभिवृद्धि कर बाहेक रु.३,००,०००।००, प्रदान गर्ने गरी आ.व. २०८१/०८२ को लेखापरीक्षण गर्न नियुक्ति गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

**तपशिल :**

| क.स. | अडिट गर्ने फर्म/कम्पनीको नाम | प्रस्तावित रकम | कैफियत |
|---|---|---|---|
| १. | T.P.Y. & Associates, Chartered Accountants | रु ३,५०,०००।०० | भ्याट अतिरिक्त लाग्नेछ । |
| २. | P.D.S. & Associates, Chartered Accountants | रु ३,५०,०००।०० | भ्याट अतिरिक्त लाग्नेछ । |
| ३. | Y. Upreti Associates, Chartered Accountants | रु ३,००,०००।०० | भ्याट अतिरिक्त लाग्नेछ । |

**(४) आ.व. २०८०/०८१ को मुनाफाबाट ०.७२५ प्रतिशत नगद लाभाशं (बोनस शेयरको कर प्रयोजनार्थ) रु. ७,८०,२३७।३२ (अक्षरेपी सात लाख असी हजार दुई सय सैतिस रुपैयाँ बत्तिस पैसा मात्र) वितरण गर्न प्रस्ताव पेश गर्ने ।**

- आ.व. २०८०/०८१ को कारोबारबाट आर्जित मुनाफाको १३.७७५ प्रतिशत बोनस शेयर प्रदान गर्न कर प्रयोजनको लागि छुट्टाएको नगद लाभांश सम्बन्धी प्रस्ताव सभा समक्ष पेश गर्दा सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**(ख) विशेष प्रस्तावहरु :**

**(१) आ.व. २०८०/०८१ तथा सो अघिका सञ्चित मुनाफाबाट चुक्ता पुँजी रु.१०,७६,१८,९४०।०० को १३.७७५ प्रतिशतले हुने रकम रु. १,४८,२४,५०८।९९ (अक्षरेपी एक करोड अठचालिस लाख चौबिस हजार पाँच सय आठ रुपैया उनान्सय पैसा मात्र) बोनस शेयर वितरण गर्न प्रस्ताव पेश गर्ने ।**

- आ.व.२०८०/०८१ तथा सो अघिका सञ्चित मुनाफाबाट चुक्ता पुँजी रु.१०,७६,१८,९४०।०० (अक्षरेपी दश करोड छयहत्तर लाख अठार हजार नौ सय चालिस रुपैया मात्र) को १३.७७५ प्रतिशतले हुने रकम रु.१,४८,२४,५०८।९९ (अक्षरेपी एक करोड अठचालिस लाख चौबिस हजार पाँच सय आठ रुपैया उनान्सय पैसा मात्र) बराबर बोनस शेयर पारित गर्ने साधारण सभामा प्रस्तुत प्रस्ताव सर्वसम्मतीले पारित भयो ।

कम्पनि सचिव



अध्यक्ष

**(२) वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६(ख) मा हाल कायम रहेको जारी शेयर पुँजी र ६(ग) मा हाल कायम रहेको चुक्ता शेयर पुँजी रु. १०,७६,१८,९४०।०० (अक्षरेपी दश करोड छयहत्तर लाख अठार हजार नौ सय चालिस मात्र) मा आ.व. २०८०/०८१ को प्रस्तावित बोनश शेयर लाभांश जारी गरे पश्चात यस वित्तीय संस्थाको कूल जारी तथा चुक्ता पुँजी वृद्धी गरी रु. १२,२४,४३,४४८।९९ (अक्षरेपी बाह्र करोड चौबिस लाख त्रिचालिस हजार चार सय अठचालिस रुपैया उनान्सय पैसा मात्र) पुऱ्याउन प्रस्ताव पेश गर्ने ।**

- वित्तीय संस्थाको प्रबन्ध पत्रको दफा ६(ख) मा हाल कायम रहेको जारी शेयर पुँजी र ६(ग) मा हाल कायम रहेको चुक्ता शेयर पुँजी रु १०,७६,१८,९४०।०० (अक्षरेपी दश करोड छयहत्तर लाख अठार हजार नौ सय चालिस रुपैया मात्र) बाट वृद्धी गरी कूल जारी शेयर पुँजी र चुक्ता पुँजी रु.१२,२४,४३,४४८।९९ (अक्षरेपी बाह्र करोड चौबिस लाख त्रिचालिस हजार चार सय अठ्चालिस रुपैया उनान्सय पैसा मात्र) पुऱ्याउने सम्बन्धमा साधारण सभामा प्रस्तुत प्रस्ताव सर्वसम्मतीले पारित भयो ।

**(३) यस लघुवित्त वित्तीय संस्था तथा अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने/प्राप्ति भई जाने सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न प्रस्ताव पेश गर्ने ।**

- यस लघुवित्त वित्तीय संस्था तथा अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ती गर्ने/प्राप्ती भई जाने सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्नका लागि सञ्चालक समितिमा अख्तियारी प्रदान गर्ने प्रस्तुत प्रस्ताव सर्वसम्मतीले पारित भयो ।

**(४) माथि उल्लेखित विशेष प्रस्तावहरु पारित भए पश्चात यस वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्न तथा सोही सम्बन्धमा नियमनकारी निकायहरुबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्ब्रन्धी प्रस्ताव पेश गर्ने ।**

- माथि उल्लेखित विशेष प्रस्तावहरु पारित भए पश्चात यस वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्न तथा सोही सम्बन्धमा नियमनकारी निकायहरुबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्तुत प्रस्ताव सर्वसम्मतीले पारित भयो ।

**(ग) विविध :**

- निर्धारित बिषयसूची विविध प्रस्ताव उपर छलफल गर्नुपर्ने र प्रस्ताव पारित गर्नुपर्ने थप कुनै बिषयबस्तु नभएको व्यहोरा अध्यक्षज्यूले सभालाई जानकारी गराउनुभयो ।

**१३. धन्यवाद ज्ञापन तथा सभा बिसर्जन :**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सञ्चालक श्री गोविन्द लाल कणज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै आवश्यक मार्गदर्शन समेत प्राप्त भएकोमा सबै शेयरधनीहरुलाई धन्यवाद दिनु भयो । दशौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एंव सम्पन्न गर्न आफ्नो अमुल्य समय दिई उपस्थित हुनुभएकोमा सम्पूर्ण शेयरधनीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो र साधारण सभा हार्दिकतापूर्वक सौहार्द्रपूर्ण वातावरणमा प्रस्तावहरु माथि घनिभुत छलफल भई सर्वसम्मत निर्णयका साथ सम्पन्न भएकोमा आगामी दिनका लागि अघि बढ्न थप उर्जा प्राप्त हुन गएको जाहेर गर्दै उपस्थित सबै शेयरधनी तथा आमन्त्रित अतिथिलाई धन्यवाद ज्ञापन गर्दै अपरान्ह ३:३० बजे अध्यक्षज्यूले सभा बिसर्जन गर्नुभयो ।

............................ ............................

बिष्णुकान्त चौधरी
कम्पनी सचिव
कम्पनि सचिव

महेश कुमार पोखरेल
अध्यक्ष
अध्यक्ष